# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नं. २८-२०८२/०८३

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।।

*(प्रथम पटक प्रकाशित मिति:- २०८२/०७/१२ गते)*

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सुचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु करारमा पदपूर्ति गर्नुपर्ने भएकाले तपशिल अनुसारको योग्यता भएका इच्छुक व्यक्तिले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको परिक्षा दस्तुर बुझाएको राजश्व रसिद सहित यस चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मीमा दरखास्त दिनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | सेवा | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ११-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | करार | १ | ५०० ।- |
| २. | १२-२०८२/०८३ | रिटर्नी स्वयंसेवक | - | करार | १ | ३०० ।- |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

| पद/तह | आवश्यक शैक्षिक योग्यता र अनुभव |
|---|---|
| मनोसामाजिक परामर्शकर्ता | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोबिज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातकतह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकालाई विशेष प्राथमिकता दिईने छ।<br>- कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। |
| रिटर्नी स्वयंसेवक | - न्यूनतम कक्षा ८ उत्तीर्ण गरी बैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गरेको अनुभव भएको।<br>- सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिईनेछ। |

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

२. **उमेर** : सवै पदको लागि १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

३. **दरखास्त पाउने स्थान** : चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी वा वेवसाईट www.chandrakotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

४. **दरखास्त बुझाउने स्थान** : चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी ।

५. **दरखास्त दिने अन्तिम मिति** : २०८२/०७/२६ गते कार्यालय समयभित्र। (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)

६. **छनोटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, कम्पयूटर सीप परिक्षण र अन्तर्वार्ता। (रिटर्नी स्वयंसेवकको हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित वा अन्तर्वार्ता वा दुबै किसिमबाट परिक्षा संचालन हुनेछ।)

७. **लिखित परीक्षाको पाठ्यक्रमः** कार्यालयको वेवसाईट www.chandrakotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

८. **आवेदन तथा संलग्न कागजातहरु** :- कार्यालयले तयार गरेको आवेदन फारम रीतपूर्वक भरी आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

**क.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

**ख.** न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि

**ग.** चारित्रीक प्रमाणपत्रको प्रतिलिपि

**घ.** मनोसामाजिक परामर्शकर्ताको लागि काउन्सिल/परिषद् दर्ता तथा नवीकरणको प्रमाणको प्रतिलिपी (आवश्यकता भएमा)

**ङ.** रिटर्नी स्वयंसेवकको हकमा राहधानीमा Departure तथा Arrival को छाप लागेको प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृति भएको प्रमाणको प्रतिलिपी

**च.** तालिम तथा अनुभव खुल्ने कागजात

९. **परीक्षा संचालन** : प्रारम्भिक योग्यताक्रमको सूची पछि प्रकाशन गरिनेछ।

१०. **सेवा सुविधा** : करार संझौता बमोजिम हुनेछ ।

*थप जानकारीको लागि ९८५७०६७९२० वा ९८५७०६०९६३ मा सम्पर्क गर्न सकिनेछ।*

प्रकाश चन्द्र शर्मा
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत